# बैंक तथा वित्तीय संस्था परिसंघ र पूर्वाञ्चल विश्वविद्यालयबीच सम्झौता

काठमाडौं (आर्थिक) । बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) र पूर्वाञ्चल विश्वविद्यालयबीच सम्झौता सम्पन्न भएको छ । नेपालको बैंकिङ क्षेत्रमा देखिएको वर्तमान आवश्यकता, बजारमा उपलब्ध मानवीय पुँजीको समग्र अवस्था, आमविद्यार्थीहरूको बैंकिङ क्षेत्रप्रतिको आकर्षण एवं आकांक्षालाई मध्यनजर गर्दै आवश्यक दक्ष एवं प्रतिस्पर्धी मानवीय पुँजीको उत्पादन एवं उपयोगका लागि उत्कृष्ट पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि दुई निकायबीच सम्झौता भएको हो । सम्झौतामा सिबिफिनको तर्फबाट अध्यक्ष पवनकुमार गोल्यान र पूर्वाञ्चल विश्वविद्यालयको तर्फबाट उपकुलपति प्राडा यादवराज कोइरालाले हस्ताक्षर गरेका हुन् ।

शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग र श्रमलाई व्यावहारिक उत्पादनसँग जोड्दै राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बैंकिङ क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष एवं क्षमतावान् मानवीय पुँजीको उत्पादन तथा विकासका लागि अन्तर्राष्ट्रियस्तरको पाठ्यक्रम निर्माणगरी देशभित्र नै अध्ययन, अध्यापनको उपयुक्त अवसर सिर्जना गर्नु, देशैभित्र मानवीय पुँजीको उपयुक्त परिचालन तथा उपयोग गर्नु र नेपालको बैंकिङ क्षेत्रले प्राप्त गरेको विश्वास र प्रतिष्ठालाई अन्तर्राष्ट्रियकरण गर्नु सम्झौताको मुख्य उद्देश्य रहेको छ । कर्जा जोखिम, सम्पत्ति व्यवस्थापन, तरलता र जोखिम मूल्या□न, तरलता र जोखिम व्यवस्थापन, वित्तीय उपकरण विकास, वित्तीय इन्जिनियरिङ, डिजिटल, क्रिप्टोकरेन्सी, वित्तीय मोडेलिङ, वित्तीय स्थायित्व, वित्तीय समावेशीकरण, डिजिटल फाइनान्स, छाया बैंकिङ, स्टार्टअप बिजनेस, स्वउद्यमशीलता जस्ता नवीन विषयहरु र बैंकिङ क्षेत्रमा प्रवेश गरिसकेपछि व्यावहारिकरूपमा सम्पादन गर्नुपर्ने कार्यहरूका विषयमा पाठ्यक्रम निर्माण हुनेछ । त्यसैगरी विदेशी मुद्रा नीति, विदेशी विनिमय व्यवस्थापन/विदेशी विनिमय दर र विदेशी मुद्रा नीतिमा यसको प्रभाव, भुक्तानी प्रणाली विकास, भुक्तानी उपकरण, भुक्तानी प्रणाली पूर्वाधार, इलेक्ट्रोनिक भुक्तानी प्रणाली, ई-बैंकिङ, डिजिटल बैंकिङ, ब्याजदर, निक्षेप, कर्जा, पुँजीबजारको विकास, पुँजी बजारका साधन र पूर्वाधार जस्ता विषयहरूमा प्राप्त हुने व्यावहारिक ज्ञानले कार्यसम्पादनमा चुस्तता एवं निपूर्णताको विकास गर्ने र वर्तमान तथा भविष्यमा बैंकिङ क्षेत्रमा देखिने जोखिम व्यवस्थापनसहित बैंकिङ क्षेत्रको दिगो विकासमा महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा राखिएको छ । प्रारम्भिक चरणमा स्नात्तकोत्तर तहमा लागू हुने यस पाठ्यक्रमलाई बिस्तारै तल्लो तहबाट नै लागू हुने गरी थप पाठ्यक्रम निर्माण गर्ने लक्ष्य राखिएको छ । पाठ्यक्रम निर्माणका लागि ख्यातिप्राप्त विषयविज्ञहरुरहेको एक कार्यदल गठन गरी सरोकारवाला पक्षहरूसँग ब्यापक छलफल तथा परामर्श गर्ने कार्य तत्काल आरम्भ गरिनेछ ।

हस्ताक्षर कार्यक्रममा सिबिफिनका अध्यक्ष पवनकुमार गोल्यानले यस सम्झौताको प्रभावकारी कार्यान्वयनमा जोड दिंदै बैंकिङ बजारको आवश्यकता परिपूर्तिमात्र नभई स्तरीय शिक्षाका लागि ठूलो संख्यामा विदेशिने युवा जनशक्ति र धनराशिलाई रोक्दै शिक्षाका लागि विदेशी विद्यार्थीलाई आकर्षित गर्न र नेपाललाई शैक्षिक पर्यटनको रूपमा विकास गर्न पनि यस सम्झौता कार्यान्वयन पछि महत्वपूर्ण टेवा पुग्ने धारणा व्यक्त गरे । त्यसैगरी पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा.डा. यादवराज कोइरालाले निर्माण हुने पाठ्यक्रम पूर्वाञ्चल विश्वविद्यालयमा लागू गर्ने बताउँदै, उक्त पाठ्यक्रमले बैंकिङ क्षेत्रका व्यावहारिक विषयहरूमा ज्ञान दिनुका साथै विश्वस्तरमै प्रतिस्पर्धा गर्न सक्ने सक्षम जनशक्तिको उत्पादनमा योगदान पुग्ने विश्वास व्यक्त गरे । साथै उनले विद्यमान पाठ्यक्रमलाई समेत समयानुकुल परिमार्जन गरिने बताए ।

सिबिफिनको कार्यालय, सुन्धारामा सम्पन्न भएको उक्त सम्झौता हस्ताक्षर कार्यक्रममा सिबिफिनका सचिव कुशप्रसाद मल्ली, कार्यकारी सदस्यद्वय उपेन्द्रप्रसाद पौडेल, महेन्द्रकुमार गोयल, महानिर्देशक डा. गोपालप्रसाद तिवारी र पूर्वाञ्चल विश्वविद्यालयका रजिस्ट्रार नीलमणि पोखरेल, डीन प्राडा बिजुकुमार थपलिया, निर्देशक (एमफिल, पीएचडी कार्यक्रम) डा. उत्तमकुमार रेग्मी, विषय समितिका अध्यक्ष प्राडा सदय हमाल र वरिष्ठ अधिकृत विनय भट्टराईको उपस्थिति थियो ।

---

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision and Monitoring Office, Surkhet

## Road Division Jumla

### INVITATION FOR BIDS

**Notice No. 9-079/80**

**Date of Publication: 2080/02/08 (22 May, 2023)**

Road Division, Jumla invites bids from eligible domestic bidders for the road improvement works as listed below:

| SN | Contract Identification Number | Name of Works | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Required turnover (NRs.) | Required Bid Capacity (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | RDJML/337011 324/079/80-30(Re) | Approach Road Upgrading (Rock Cutting and Structures) work along Karnali River Bridge Left Side Approach Road, Khulalu, Kalikot | 10,69,000.00 | 5000 | 48.0 M | 36.0 M |
| 2 | RDJML/3373101 13/079/80-36(Re) | Roadway Protection works along Karnali Highway Shimle Ghat to Balighat Section (Ch 173+500km to 185+000km), Kalikot | 21,37,000.00 | 5000 | 95.0 M | 73.0 M |
| 3 | RDJML/3373101 13/079/80-38(Re) | Roadway Protection works along Karnali Highway Nagma to Khalanga Bazzar Section (Ch 205+000km to 236+000km), Jumla | 21,20,000.00 | 5000 | 94.0 M | 72.0 M |

| Last Date of Bid Submission | Bids / Technical Bid Opening Date, Time and place | Pre-Bid Meeting | Bid Validity Period | Bid Security Validity |
|---|---|---|---|---|
| 2023/06/21 (AD) 2080/03/06 (BS) Up to 12:00 hours | 2023/06/21 (AD) 2080/03/06 (BS) 13:00 hours, Road Division Jumla | 2023/06/04 (AD) 2080/02/21 (BS) 13:00 hours at office address | 90 days from bid submission due date | Minimum 30 days beyond bid validity period |

For further details regarding the notice of Invitation for Bids, interested Bidders are requested to visit the notice board of Road Division, Jumla or PPMO Website:-www.bolpatra.gov.np/egp

**Division Chief**

---

Government of Nepal
Ministry of Energy Water Resources and Irrigation
Department of Water Resources and Irrigation
**Mega Dang Valley Irrigation Project, Tulsipur, Dang**

### NOTICE FOR THE LETTER OF INTENT

**(Publication Date: 2080/02/08)**

This is to notify all the bidders who submitted their bid for the Contract Identification number mentioned below that the following listed lowest evaluated substantially responsive bidder has been selected to award the contract pursuant to clauses 27 & 47 of Public Procurement Act 2063 (Amendment).

| S. N. | Contract Identification Number | Description of Works | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price Nrs (Inclusive of VAT) |
|---|---|---|---|---|
| 1 | MDVIP/BLISP/ NCB-04/079-80 | Construction of Chisapani Khamari Lift Irrigation Project Banglachuli -06, Dang | Premdhan Nirman Sewa, Tulsipur-06, Dang | 22,437,667.59 |

**Project Chief**

---

## Chandannath Municipality
## Office of The Municipal Executive

**Khalanga Bazar, Jumla**
**Karnali Province, Nepal**

### Letter of Intent

**Date of Publication: 22nd May, 2023**

Pursuant to clause 27(2) of public procurement Act 2063, this is to notify all the bidder that the following substantially responsive lowest bidder has been selected to award the contract as per the invitation of bid published on 7th April,2023 on Aarthik Dainik Daily Newspaper and Chandannath Municipality intends to award the contract to the same.

| S.N | Contract Id | Description | Name & Address of bidder | Bid price (with VAT) |
|---|---|---|---|---|
| 1 | CNM/BLDG/NCB/ 05/079/80 | Malika Basic School Building Construction Works | Karnali Construction Sewa, Jumla | NRs. 5480003.46/- |

**Chief Administrative Officer**

---

## Namkha Rural Municipality
## Office of the Municipal Executive

Humla

### INVITATION FOR BIDS

**Invitation for Bids for procurement of Fabricated Steel Parts for Trail Bridges**

**Contract Identification No: 7/NRM/2079/080**
**First Date of Publication: 2080/2/8**

1. Namkha Rural Municipality Office of the Municipal executive Humla invites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
2. Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges. New fabricators may also apply in joint venture with an eligible fabricator having the required experience. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the minimum requirements.
3. Eligible Fabricator may obtain further information and inspect the bidding documents at Namkha Rural Municipality Office the Rural Municipal executive Humla .
4. Bidding documents may be purchased from the Namkha Rural Municipality office of the Municipal executive Humla by eligible Fabricator, on submission of a written application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until the (last date of purchase of bidding document) ***(2080/2/22)*** from the first date of publication of this notice.
5. Bids must be submitted to the Namkha Rural Municipality Office Documents received after this deadline shall not be accepted.
6. Bids will be opened in the presence of Fabricator' representatives who choose to attend at Office of the Municipal executive, Yalbang, Humla . On **2080/2/22.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by bid security, amounting to a **minimum of 2.5 % of the quoted Bid amount (inclusive of VAT)**, which shall be **valid for 30 days** beyond the bid validity period.
7. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Dhaurauti Account No 0760100000031201 (**Citizen Bank Yalwang, Humla)** and submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. The name and identification of the contract are as follows:

| Contract ID no. | Description of Work (Fabrication Package) | Estimated Amount, NRs (Excluding VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|
| 7/NRM/2079/2080 | Fabrication of steel parts and transportation up to road heads of Hyanshi khola truss Bridge | 1479580.91 | 38000.00 | 3000.00 |

**Acting chief Administration Officer**

---

## ओमसतिया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**हाटीफर्साटिकर, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

### ओमसतिया गाउँपालिका क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन कार्यको लागि शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

सूचना नः- ORM–WASTE MGMT–01–2079/80
प्रथम पटक प्रकाशित मितिः २०८०/०२/०८

यस गाउँपालिकाको मिति २०७९/०१/१२ गतेको गाउँकार्यपालिको वैठकको निर्णय र यस गाउँपालिको प्रारम्भिक प्रतिवेदन बमोजिम यस ओमसतिया गाउँपालिका क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संस्था वा फर्मले यो सूचना प्रकाशन भएको मितिले घर्णदिन भित्र ऐन कानुनको परिधिमा रही देहायका शर्तको पालना गरी शिलबन्दिको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपशीलः**

| ठेक्का नं. | विवरण | लागत अनुमान | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|
| ORM-WASTE MGMT-01-079-80 | ओमसतिया गाउँपालिका क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन आयोजना | ३०,००,०००।०० (भ्याट सहित) | ९०,०००।०० | |

**शर्तनामाहरुः**

१. आ.व. २०७८/०७९ को करचुक्ता, पान/भ्याट विवरण नागरिकताको प्रमाणपत्र प्रतिलिपि राखि पेश गर्नुपर्नेछ ।
२. आयोजनाको अनुमानित लागत वार्षिक रु.३०,००,०००।०० (अक्षेरुपि तीस लाख मात्र) भ्याट सहित हुनेछ जुन छ वर्ष सम्मको लागि यथावत रहनेछ ।
३. दरभाउपत्र पेश गर्ने व्यक्ति,संस्था वा फर्मले फोहोरमैला व्यवस्थापन गर्ने क्षेत्र (ल्याण्डफिल साईट/डम्पिङ साईट), कर्मचारी/जनशक्ति तथा अन्य ढुवानीको व्यवस्था आफैं गर्नुपर्नेछ र फोहोरको वर्गिकरण गरि सो व्यवस्थापन समेत आफैं गर्नुपर्नेछ ।
४. फोहोरमैला ढुवानीको लागि गाउँपालिकाको कार्यालयलको १ वटा ट्याक्टर भाडामा लिनुपर्नेछ ।
५. स्थानिय र फोहोरमैला व्यवस्थापनको कार्यमा अनुभव भएको व्यक्ति, संस्था वा फर्मलाई विशेष प्राथमिकता दिईनेछ ।
६. दरभाउको रकम अंक र अक्षर दुवै स्पष्ट बुझिने गरि उल्लेख गर्नुपर्नेछ र अंक फरक परेमा अक्षरमा भएको रकमलाई मान्यता दिईनेछ ।
७. व्यवस्थापन सम्बन्धी कुनै जनगुनासो आएमा व्यवस्थापनकर्ता नै जिम्मेवार हुनेछ ।
८. बोलपत्र खरिद सुचना प्रकाशन भएको ३० औ दिनको ५.०० बजेसम्म गर्न सकिनेछ र प्राप्त शिलबन्दि बोलपत्र प्रथम पटक प्रकाशित मितिले ३१ औ दिनको १२.०० बजेसम्म दर्ता गरिनेछ।सो समय भन्दा पछि प्राप्त बोलपत्र दर्ता गरिनेछैन । मिति २०८०/०३/०८ गते दिनको १.०० बजे गा.पा.को कार्यालयमा सम्बन्धित प्रतिनिधिको रोहवरमा खोलिनेछ । यदि प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्नेछैन । यदि सो दिन सार्वजनिक विदा पर्न गएमा अर्को दिन सोहि अनुसारको कार्यालय समयमा पेश गर्नुपर्नेछ ।
९. यस सम्बन्धी कुनै विवाद भएमा स्वीकृत गर्ने /नगर्ने अधिकार यस कार्यालयलाई रहनेछ ।
१०. सुचनामा उल्लेखित नभएको कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ एवं प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।
११. शिलबन्दी बोलपत्रमामा उल्लेखित लागत अनुमान रकमको ३ प्रतिशतले हुन आउने रकम रु.९०,०००।०० (नब्बे हजार मात्र) धरौटी स्वरुप यस गाउँपालिकाको एन.एम.बि.बैंक ठुटिपीपल शाखामा रहेको धरौटि खाता ग-३ धरौटि खाता नं. ०४०००५७७६४५०००४७ मा जम्मा गरेको सक्कल भौचर संलग्न हुनुपर्नेछ ।
१२. कार्यालय प्रमुखको सहिछाप नभएको, समय नाघि आएको र अन्य कानुन बमोजिम रित नपुगेको दरभाउपत्रलाई मान्यता दिईनेछैन ।
१३. यस सम्बन्धी अन्य शर्तहरू यस गाउँपालिकाको फोहोरमैला व्यवस्थापनको प्रारम्भिक प्रतिवेदन,गाउँ कार्यपालिकाको बैठकले निर्दिष्ट गरेको मापदण्ड र निर्णय बमोजिम हुनेछ । जुन बोलपत्र फाराम खरिद गर्न आउँदाको समयमा कार्यालयले उपलब्ध गराउनेछ ।
१४. शिलबन्दी बोलपत्र सम्बन्धि अन्य जानकारिको लागि यस गाउँपालिकाको कार्यालयमा सम्पर्क गरि थप जानकारी लिन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**